# काठमाडौं महानगरपालिका

# द्वितीय त्रैमासिक परीक्षा-२०८२

## विषयः सामाजिक अध्ययन

**कक्षा : १०** **पूर्णाङ्क : ७५**
**समय : ३ घण्टा**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :**

**समूह क. तल दिइएका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस् । (११x१=११)**

१) समाजिकीकरणको कुनै एउटा महत्व उल्लेख गर्नुहोस् ।

२) नेपालको मानव विकास सूचकाङ्कमा सुधार गर्न कुनै एक सुझाव प्रस्तुत गर्नुहोस् ।

३) घरेलु हिंसाको कुनै एउटा सामाजिक असर लेख्नुहोस् ।

४) मानव बेचविखन विरुद्ध सचेतना जगाउने एउटा आकर्षक नारा तयार गर्नुहोस् ।

५) राजा त्रिभुवन, नेपाली काङ्ग्रेस र राणाबिच त्रिपक्षीय दिल्ली सम्झौता कहिले भएको थियो ? पूरा मिति लेख्नुहोस् ।

६) पहिलो विश्वयुद्ध हुनुमा विस्मार्क जिम्मेवार थिए, कसरी ? आफ्नो विचार एक वाक्यमा प्रस्तुत गर्नुहोस् ।

७) साहसिक पर्यटन प्रवर्धनको कुनै एक उपाय उल्लेख गर्नुहोस् ।

८) तपाईंले बचत गरेको रकम कसरी सदुपयोग गर्दै आउनुभएको छ ? एक वाक्यमा लेख्नुहोस् ।

९) संयुक्त राष्ट्र सङ्घका महासचिवको नियुक्तिको सिफारिस कसले गर्छ ?

१०) हाल विश्वमा देखिएको द्वन्द्व व्यवस्थापन गर्न कुनै एक व्यवहारिक सुझाव प्रस्तुत गर्नुहोस् ।

११) आफ्नो परिवारको गुणस्तरीय जीवनको लागि तपाईंले गर्नुभएको कुनै एक रचनात्मक कार्य लेख्नुहोस् ?

**समूह ख. तल दिइएका प्रश्नको छोटो उत्तर लेख्नुहोस् । (९x४=३६)**

१२) नेपालमा सदियौँदेखि कायम रहेको सांस्कृतिक विविधतालाई कसरी निरन्तरता दिन सकिन्छ ? आफ्नो धारणा चार बुँदामा प्रस्तुत गर्नुहोस् ।

१३) दिगो विकास प्रवर्धनका कुनै चारओटा उपाय उल्लेख गर्नुहोस् ।

१४) "हाम्रा राष्ट्रिय दिवस हाम्रा गौरव " शीर्षकमा सम्पादकीय तयार गर्नुहोस् ।

१५) विश्वमा शान्ति कायम गर्न विश्वबन्धुत्त्व अपरिहार्य छ। यस भनाइलाई पुष्टि गर्नुहोस् ।

अथवा

नेपालमा लोक सङ्गीतको संरक्षण र प्रवर्धन कसरी गर्न सकिन्छ ? कुनै चारओटा व्यावहारिक सुझाव दिनुहोस् ।

१६) नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि अनेकौ प्रयासहरू हुँदाहुँदै पनि भ्रष्टाचार नियन्त्रण हुन नसक्नुमा कुन कुन पक्ष बढी जिम्मेवार ठान्नु हुन्छ र किन ? आफ्नो तर्क प्रस्तुत गर्नुहोस् ।

१७) राजनैतिक दल दर्ताका लागि के-कस्ता सर्तहरू पुरा गर्नुपर्छ ? चारओटा सर्त उल्लेख गर्नुहोस् ।

१८) हावापानी उचाइ र जमिनको मोहडाले निर्धारण गर्दछ, उदाहरणसहित लेख्नुहोस् ।

१९) नेपालमा भएको एनपिएल क्रिकेट प्रतियोगितासँग सम्बन्धित एक समाचारको नमुना तयार पार्नुहोस् ।

२०) जनसङ्ख्या वितरणको परिचय दिई राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको भौगोलिक क्षेत्रअनुसारको जनसङ्ख्या वितरणको अवस्था उल्लेख गर्नुहोस् ।

**समूह ग. तल दिइएका प्रश्नको लामो उत्तर लेख्नुहोस् । (४x७=२८)**

२१) नेपालमा स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्पन्न गर्न निर्वाचन आयोगले गर्दै आएका कार्यहरूको विश्लेषण गर्दै आगामी निर्वाचनमा नागरिकको भूमिका कस्तो हुनुपर्ला ? तर्कपूर्ण विचार प्रस्तुत गर्नुहोस् ।

२२) पृष्ठ भरिको नेपालको नक्सा बनाई उपयुक्त सङ्केतको प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् ।

गोसाइकुण्ड, कोसी प्रदेश, स्वर्गद्वारी, शुक्लाफाँटा राष्ट्रिय निकुन्ज

अथवा

पृष्ठ भरिने गरी अफ्रिका महादेशको नक्सा बनाई उपयुक्त सङ्केतको प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् ।

कालाहारी, भिक्टोरिया ताल, कङ्गो वेँसी, भूमध्यरेखा (दृष्टिविहीनहरूका लागि मात्र) अफ्रिका महादेशको आर्थिक सामाजिक अवस्था उल्लेख गर्नुहोस् ।

२३. वि.सं. २०६२/६३ को जनआन्दोलनको पृष्ठभूमि र उक्त आन्दोलन पश्चात् राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा भएका उपलब्धिहरू उल्लेख गर्नुहोस् । ४+३

२४) वित्तीय कारोबारमा मोबाइल बैङ्किङको प्रयोग बढ्दै गई रहेको सन्दर्भमा मोबाइल बैङ्किङ र यसको सुरक्षित प्रयोग' शीर्षकमा एउटा राष्ट्रिय दैनिकको लागि लेख तयार गर्नुहोस् ।

समाप्त